संवत २०७७ सालको अध्यादेश नं ३

# केही अध्यादेशलाई खारेज गरी ऐनको साविकको व्यवस्थालाई जगाउन बनेको अध्यादेश

**प्रस्तावना:** केही अध्यादेशलाई खारेज गरी त्यस्ता अध्यादेशबाट संशोधन भएका केही नेपाल ऐनका व्यवस्थालाई जगाई साविककै व्यवस्था कायम गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **खारेजी:** देहायको अध्यादेश खारेज गरिएका छन्:-

(क) संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन), अध्यादेश २०७७,

(ख) राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन), अध्यादेश २०७७ ।

३. **संशोधन भएको व्यवस्था जागेको मानिने:** दफा २ बमोजिम खारेज भएका देहायका अध्यादेशले देहायका ऐनमा गरेको संशोधनका सम्बन्धमा त्यसरी संशोधन हुनुभन्दा तत्काल अघि कायम रहेको व्यवस्था स्वत: जागेको मानिनेछ:-

(क) संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन २०६६, मा "संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन), अध्यादेश २०७७" बाट भएको संशोधन,

(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन), अध्यादेश २०७७" बाट भएको संशोधन ।

को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "दर्ता गरिसकेको दलले" भन्ने शब्दहरु पछि "वा दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको नयाँ दलले" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल ऐन को दफा ५२ मा संशोधन:** मूल ऐनको दफा ५२ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

नेपाल कानून आयोग